# स्वैच्छिक सहायताप्राप्त मरण (Voluntary assisted dying)

साउथ अष्ट्रेलियामा स्वैच्छिक सहायताप्राप्त मरण वैध छ।

स्वैच्छिक सहायताप्राप्त मरणको अर्थ, केही अति बिरामी भएका मानिसहरुले औषधीद्धारा आफ्नो जीवन समाप्त गर्न डाक्टरहरुबाट सहयोगको लागि अनुरोध गर्नु हो।

स्वैच्छिक सहायताप्राप्त मरण, 'आत्महत्या' वा आफैले आफ्नो ज्यान लिनु जस्तो होइन।

## स्वैच्छिक सहायताप्राप्त मरणको लागि नियमहरु

स्वैच्छिक सहायताप्राप्त मरण र कसले त्यसलाई पाउन सक्छन् भन्ने बारे धेरै नियमहरु छन्।

तपाईंको आफ्नै स्वैच्छिक सहायताप्राप्त मरणको लागि तपाईं आफैले अनुरोध गर्नै पर्छ।

अन्य कसैले पनि तपाईंलाई स्वैच्छिक सहायताप्राप्त मरणको लागि अनुरोध गराउन सक्दैनन्।

डाक्टरहरुले स्वैच्छिक सहायताप्राप्त मरण गराउन पर्दैन।

नियमहरुले सुनिश्चित गर्छ कि

- स्वैच्छिक सहायताप्राप्त मरण सुरक्षित छ।
- यदि तपाईं आफैले चाहनु भयो भने मात्र स्वैच्छिक सहायताप्राप्त मरण रोज्न सक्नु हुन्छ।

स्वैच्छिक सहायताप्राप्त मरणको लागि, तपाईंलाई निम्न हुनै पर्छ

- निको नहुने रोग लागेको
- धेरै भावानात्मक, मानसिक वा शारिरीक कष्ट उत्पन्न गर्ने रोग लागेको
- ६ महिनाभन्दा अघि नै, वा केही रोगहरुका लागि १२ महिनाभन्दा अघि नै तपाईंको मृत्यु गराउन सक्ने रोग लागेको
- १८ बर्षभन्दा माथि उमेर भएको
- अष्ट्रेलियाली नागरिक वा स्थायी बासिन्दा भएको
- साउथ अष्ट्रेलियाको बासिन्दा भएको वा कम्तिमा १२ महिना बसोबास गरेको
- निर्णयहरू गर्न तपाईं आफै सक्षम भएको।

निम्न अवस्थामा तपाईंले स्वैच्छिक सहायताप्राप्त मरण पाउनु हुन्न यदि

- तपाईंमा मानसिक रोग मात्र छ
- तपाईंमा अपाङ्गता मात्र छ
- तपाईंले आफै निर्णयहरू गर्न सक्नु हुन्न
- तपाईं बिरामी हुनु हुन्न।

## जानकारी र सहयोगको लागि

**स्वैच्छिक सहायताप्राप्त मरण सहयोग सेवाहरु उपलब्ध छन् जसले स्वैच्छिक सहायताप्राप्त मरण पाउन चाहने मानिसहरुलाई सहयोग गर्न सक्छन्। तिनीहरुले स्वैच्छिक सहायताप्राप्त मरणको लागि कदमहरु चाल्न पनि परिवार, साथीहरु र हेरचाहकर्ताहरु, र डाक्टरहरुलाई सहयोग गर्न सक्छन्। सहयोग सेवाहरुले मानिसहरुलाई जानकारी र सहायता प्रदान गर्छन्। तपाईंले इमेल र फोनद्धारा स्वैच्छिक सहायताप्राप्त मरण सहयोग सेवाहरुलाई सम्पर्क गर्न सक्नु हुन्छ:**

**सोमबारदेखि शुक्रबार: बिहान 9.00 बजेदेखि दिउँसो 5.00 बजेसम्म**
**इमेल: Health.VADCareNavigators@sa.gov.au**
**फोन: 0403 087 390**

# स्वैच्छिक सहायताप्राप्त मरण पाउन चालिने ११ कदमहरु

1. **पहिलो पटकको लागि स्वैच्छिक सहायताप्राप्त मरण पाउन, तपाईंले आफ्नो डाक्टरलाई अनुरोध गर्नुहोस्।**
2. **स्वैच्छिक सहायताप्राप्त मरण पाउन तपाईंले सबै नियमहरु पूरा गरेको तपाईंको डाक्टरले सुनिश्चत गर्नु हुनेछ।**

यदि डाक्टरले तपाईंको अनुरोध मान्नु भएन भने, तपाईंले स्वैच्छिक सहायताप्राप्त मरण बारे अर्को डाक्टरलाई अनुरोध गर्न सक्नु हुन्छ। यदि डाक्टरले मान्नु भयो भने, उहाँहरु नै स्वैच्छिक सहायताप्राप्त मरण पाउन तपाईंलाई सहयोग गर्ने डाक्टर तोकिनु हुनेछ।

3. **स्वैच्छिक सहायताप्राप्त मरण पाउन तपाईंले सबै नियमहरु पूरा गरेको दोस्रो डाक्टरले पनि सुनिश्चत गर्नै पर्नेछ।**
4. **तपाईंले स्वैच्छिक सहायताप्राप्त मरण पाउन चाहनु हुन्छ भनी फारममा लेख्न आवश्यक पर्छ।**

तपाईंले फाराममा लेखेको र हस्ताक्षर गरेको दुई मानिसहरुले अवलोकन गर्नै पर्छ। यदि फाराममा लेख्न वा हस्ताक्षर गर्न सक्नु हुन्न भने, कसैले तपाईंको लागि लेख्न सक्नु हुन्छ।

5. **जब तपाईंले फाराम पूरा गर्नु हुन्छ, तपाईंले फेरि आफ्नो डाक्टरलाई स्वैच्छिक सहायताप्राप्त मरण पाउनको लागि अन्तिम पटक अनुरोध गर्नै पर्नेछ।**

तपाईंको डाक्टरले तपाईंलाई स्वैच्छिक सहायताप्राप्त मरण छिटो गर्न आवश्यक छ भनी तपाईंलाई नभनेसम्म, तपाईंले पहिलो पटक अनुरोध गर्नु भएको ९ दिन पश्चात मात्र स्वैच्छिक सहायताप्राप्त मरणको लागि अन्तिम पटक अनुरोध गर्न सक्नु हुन्छ।

6. **तपाईंले 'सम्पर्क व्यक्ति' रोज्न आवश्यक छ।**

सम्पर्क व्यक्ति १८ बर्ष वा माथि उमेरको हुनै पर्छ। यदि तपाईंले औषधी प्रयोग गर्नु भएन भने, यस व्यक्तिले स्वैच्छिक सहायताप्राप्त मरणको औषधी फिर्ता गर्न सहयोग गर्नु हुनेछ।

7. **तपाईंले स्वैच्छिक सहायताप्राप्त मरण पाउन सुनिश्चित गर्न तपाईंको डाक्टरले अन्तिम परीक्षण गर्नु हुनेछ।**

यो जान्न आवश्यक छ कि कुनै पनि समयमा तपाईंले आफ्नो विचार परिवर्तन गर्न र स्वैच्छिक सहायताप्राप्त मरण नलिन सक्नु हुन्छ।

8. **स्वैच्छिक सहायताप्राप्त मरणको लागि उनीहरुले तपाईंलाई औषधी दिन डाक्टरले अनुमतिपत्र लिनै पर्छ।**

अनुमतिपत्र भनेको एक पत्र हो जसले व्यक्तिलाई केही कुरा गर्न अनुमति छ भनी बताउँछ।

9. **तपाईंले फार्मासिस्टबाट औषधि पाउनु हुनेछ।**
10. **त्यसपछि तपाईंले आफ्नो जीवन समाप्त गर्न औषधी लिन सक्नु हुन्छ।**

यदि तपाईं आफैले औषधी लिन असमर्थ हुनु हुन्छ भने, डाक्टरले तपाईंको लागि औषधी लिन सहयोग गर्नु हुन्छ। यदि त्यस्तो भएमा, अर्को व्यक्ति वा 'साक्षी' त्यहाँ हुन आवश्यक पर्नेछ। तपाईंले रोज्नु भएको सम्पर्क व्यक्तिले तपाईंले प्रयोग नगर्नु भएको औषधी फार्मासिस्टलाई फिर्ता गर्न आवश्यक पर्नेछ।

11. **तपाईंको परिवार र साथीहरुले तपाईंको डाक्टरलाई तपाईंको मृत्यु भयो भनी बताउने छन् र तपाईंको डाक्टरले मृत्युलाई आधिकारिक वा 'प्रमाणित' गर्न कदमहरु चाल्नु हुनेछ।**

प्रमाणितको अर्थ नियमहरु पूरा भयो भनी देखाउने आधिकारिक कागजात बनाउनु हो। यसले तपाईंको मृत्यु स्वैच्छिक सहायताप्राप्त मरणद्वारा नभई तपाईंको रोगबाट भएको भनी देखाउनेछ।

## थप जानकारीको लागि

कार्यालयीय(OFFICIAL)

**हेल्थ सर्भिसेज प्रोग्राम्स ब्रान्च (Health Services Programs Branch)**
**डिपार्टमेन्ट फर हेल्थ एण्ड वेलबिइङ्ग (Department for Health and Wellbeing)**
Health.VoluntaryAssistedDying@sa.gov.au
www.sahealth.sa.gov.au/VAD

© Department for Health and Wellbeing, Government of South Australia. All rights reserved.

Nepali / नेपाली

Government of South Australia
SA Health